जि.प्रशा.का, बारा दर्ता नं. :- ८७/२०७८/०७९
जिल्ला हुलाक, बारा दर्ता नं. :- १७/२०७८/०७९

"समाचारले टुटछ ठूला-ठूलाको दंभ, त्यसकारण बजारमा आएको छ शुभआरम्भ"

# शुभ आरम्भ

Shubharambh National Daily राष्ट्रिय दैनिक

वर्ष ५ | अंक ०३६ | २०८२ साल असोज ०२ गते बिहीवार | Thursday-18-September-2025 | पृष्ठ संख्या-४ | मूल्य रू.५/-

## बाराको सीमावर्ती क्षेत्रहरुबाट व्यापक रुपमा तस्करी, सुरक्षा निकाय रकममा लिप्त

*शु.आ. सम्बाददाता*
*बारा, १ असोज*

बाराको सीमावर्ती क्षेत्रहरूबाट व्यापक रूपमा तस्करी बढेपनी सुरक्षा निकाय भने रकममा लिप्त हुने गरेको विभिन्न प्रमाणहरूले प्रष्ट पारेको छ। जेनजी आन्दोलनको नाममा सुरक्षा दिन नसक्ने बाहाना बनाउदै बाराको विभिन्न नाकाहरू स्थित प्रहरी चौकी उठाइएको समेत खबर प्राप्त भएको हो।

बाराको सीमावर्ती क्षेत्रमा पर्ने मुसहर्वा, छतवा र मटिअर्वा नाका हुँदै प्रहरीको मिलोमतो तथा सहकार्यमा व्यापक रूपमा तस्करी बढेको प्रमाणित समेत भएको छ। प्रहरी चौकी मटिअर्वा र प्रहरी चौकी छतवाको बिच भागमा पर्ने अस्थायी प्रहरी पोस्ट जोतपुरलाई तस्करीको लाइन क्लियर गर्न चौकिलाई उठाइएको व्यापक चर्चाको बिषय बनेको छ।



स्थानीयहरूका अनुसार अस्थायी प्रहरी पोस्ट जोतपुरमा रहेको प्रहरीहरूका कारण तिनवटा टोलको सुरक्षा ब्यवस्था हुँदै आएपनी तस्करीको सेन्डिगेट मिलाउन प्रहरी चौकी नै उठाइएको आरोप लगाएका हुन।

बिगत लामो समयदेखी बन्द रहेको तस्करीको लाइन माथिल्लो निकाय कै आदेशमा खुल्ला गर्ने भएपछी प्रहरी चौकी अगाडी बाटै तस्करीको मालसमान ओहर दोहर गर्न नसकिने भएकोले प्रहरी चौकी नै हटाइएको बिषय हालको समयमा चर्चाको बिषय बनेको छ। यता यस बिषयमा जिल्ला प्रहरी कार्यालय बाराका प्रहरी प्रमुख प्रहरी उपरीक्षक सन्तोष तमाङ्गले गाइगोठ जस्तो अस्थायी प्रहरी पोस्ट रहेकोले प्रहरीलाई राख्न नसकिने भन्दै पन्छिन खोजे।

जेनजी आन्दोलनका कारण भ्रष्ट नेताहरूमा केही सुधार भएपनी सुरक्षा निकायमा सुधार नदेखिएको प्रष्ट बुझ्न सकिन्छ। यता जेनजी आन्दोलनले गृहमन्त्री परिवर्तन भएपनी सुरक्षा निकायमा परिवर्तन नदेख्नुले जो जोगि आए नि कानै चिरेको जस्तो हुने आरोप स्थानीयको रहेको छ।

## लुटपाट भएको सामान फिर्ता गर्न ईलाका प्रशासन कार्यालय सिमराको आग्रह

*बारा, ०१ असोज*

ईलाका प्रशासन कार्यालय सिमराले भदौ २४ गते साँझ कार्यालयमा तोडफोड र आक्रमण हुँदा लुटपाट भएका सामग्री तथा अभिलेख फिर्ता गर्न अनुरोध गरेको छ। कार्यालयका प्रमुख राजेन्द्रप्रसाद कंडेलले मंगलबार सूचना जारी गर्दै ल्यापटप, कम्प्युटर, प्रिन्टर, स्क्यानर, कुर्सी र महत्वपूर्ण अभिलेख चोरी भएकाले उक्त सामग्री फिर्ता गर्न आग्रह गरेका हुन्।



जेनजीको प्रदर्शनका क्रममा आक्रमण हुँदा उक्त कार्यालयमा पूर्णरुपमा क्षति पुगेको छ। प्रदर्शनकारीले उक्त कार्यालय भित्र रहेका सामग्री तोडफोड गरी क्षति पुर्याउनुका साथै कार्यालय प्रमुख चढ्ने सवारी साधनमा समेत आगजनी गरेका थिए। आक्रमणपछि उक्त कार्यालयको सेवा ठप्प रहेको छ। दैनिक सयौं सर्वसाधारणले सेवा लिँदै आएको उक्त कार्यालय अहिले सुनसान देखिन्छ। उक्त कार्यालयले नागरिकता, राष्ट्रिय परिचयपत्र, संघसंस्था दर्ता तथा नविकरणको काम गर्दै आएको छ। कार्यालय प्रमुख कंडेलले कम्प्युटर, प्रिन्टर, स्क्यानर कुर्सी र कागजात नभएका कारण तत्काल सेवा प्रदान गर्न सक्ने अवस्था नरहेको बताएका छन्। कंडेलका अनुसार दशैंपछि मात्रै कार्यालयले केही सेवा सूचारु गर्न सक्ने अवस्था छ।

## कोल्हवी डटकमका सम्पादक अशेष ढुंगानामाथिको आक्रमणप्रति पत्रकार महासंघको ध्यानाकर्षण

*बारा, ०१ असोज*

कोल्हवी डटकमका सम्पादक अशेष ढुंगानामाथि आक्रमण भएको घटनाप्रति नेपाल पत्रकार महासंघको ध्यानाकर्षण भएको जनाएको छ। गत भदौ २४ गते जेन-जी समूहले बाराको कोल्हवीमा गरेको प्रदर्शनको समाचार संकलन गर्न पुगेका पत्रकार ढुंगानालाई आन्दोलनकारीले आक्रमण गरेको महासंघ बारा शाखाले जनाएको भन्दै

नेपाल पत्रकार महासंघ
Federation of Nepali Journalists (FNJ)

महासचिव रामप्रसाद दाहालले आक्रमणको भर्त्सना गरेका छन्। जनतालाई सुसूचित गर्ने कार्यमा खटिएको पत्रकारको पेसाको सम्मान गर्न पनि उनले आग्रह गरे। साथै महासंघले घटनामा संलग्नमाथि कानुनी कारबाही गर्न सम्बद्ध निकायसँग माग गरेको छ।

## स्थानीय तहमा निर्दलीय निर्वाचनको बहस : जवाफदेहिता र विकासमा नयाँ सम्भावना

*मेवालाल यादव*
*रौतहट, ०१ असोज*

स्थानीय तहलाई सेवा प्रवाह र विकासको आधारस्तम्भका रूपमा लिने गरिन्छ। तर, हालको पार्टीकेन्द्रित निर्वाचन प्रणालीका कारण जनप्रतिनिधिहरूले जनताको अपेक्षा भन्दा पार्टीको नीति र निर्देशनलाई प्राथमिकता दिने प्रवृत्ति देखिएको छ। यसले गर्दा स्थानीय स्तरको विकास प्रक्रिया प्रभावकारी रूपमा अघि बढ्न नसक्ने चुनौती बढ्दो छ।




विशेषज्ञहरूका अनुसार, यदि स्थानीय तहमा निर्दलीय निर्वाचन प्रणाली लागू गरिने हो भने जनप्रतिनिधिहरू प्रत्यक्ष रूपमा जनताप्रति जवाफदेही हुनेछन्। यसले पार्टीगत गुटबन्दी, विभाजन र आन्तरिक राजनीतिक हस्तक्षेपलाई कम गर्ने सम्भावना रहन्छ। साथै, लोकप्रियता, क्षमता र इमान्दारिता आधारित नेतृत्व चयन हुन सक्ने अपेक्षा पनि गरिएको छ। तर, निर्दलीय प्रणालीमा संगठनात्मक संरचनाको अभाव र संघीय तथा प्रादेशिक सरकारसँगको समन्वयमा जटिलता देखिन सक्ने विश्लेषणहरू पनि आएका छन्। नीति निर्माण, योजना कार्यान्वयन र बजेट व्यवस्थापनमा एकीकृत दृष्टिकोण नहुन सक्ने चिन्ता पनि उल्लेख गरिएको छ। यद्यपि, स्पष्ट कानुनी संरचना, पारदर्शी प्रक्रिया र सशक्त नागरिक निगरानी प्रणालीसँगै निर्दलीय निर्वाचनलाई कार्यान्वयनमा ल्याउन सकियो भने स्थानीय तह अझ प्रभावकारी, जवाफदेही र जनमुखी बन्न सक्ने संभावनालाई नकार्न सकिँदैन।

## जेनजी आन्दोलनः छोराको शव बुझ्न कतारबाट आइपुगेका बुबा

*बिरगंज, ०१ असोज*

पर्सा वीरगंजका २४ वर्षीय असहाव आलम ठकुराईको भदौ २४ गते बानेश्वरमा जेन-जीको प्रदर्शनको क्रममा मृत्यु भयो। उनको मृत्यु भएको दुई दिनसम्म पनि परिवारलाई थाहै थिएन।

उनका काका मुन्ना बाबु ठकुराई काठमाडौंको गौशालामै बस्छन्। उनी मोटरसाइकल वर्कसपमा काम गर्छन्। असहाव भदौ २४ गते मंगलबार बेलुकासम्म घर नफर्किएपछि उनका काका मुन्ना बाबु ठकुराईले फोन लगाइरहे। तर उनको फोन उठेन। भोलिपल्ट बुधबार पनि असहाव घर नफर्केपछि उनले फोन लगाइ रहे फोन नै उठेन। काठमाडौंको प्रदर्शनबारे जानकार उनको मनमा शंका उब्जियो। अनि उनी अर्का एकजना साथी लिएर बानेश्वरको सिभिल हस्पिटलमा आए। उनले हस्पिटलमा आफ्ना भतिज कतै उपचाररत छन् कि भनेर खोजे तर भेटेनन्। अस्पताल प्रशासनले केहीलाई उपचारका लागि वीर र त्रिवि शिक्षण अस्पताल रेफर गरेको जानकारी गराएपछि उनी त्यहाँबाट सिधै वीर अस्पताल हानिए। तर उनले त्यहाँ पनि असहावलाई भेटेनन्। वीर अस्पतालले त्यहाँबाट पनि केहीलाई त्रिवि शिक्षण अस्पताल लगेको जानकारी गराएपछि उनी आफूसँग रहेका साथीसँगै त्रिवि शिक्षण अस्पताल हानिए। त्यहाँ पुगेर उनले सोधीखोजी गरेपछि शवगृहमा राखिएको शवमाथि उनको नजर दौडिरहँदा सुरूमै असहावको शवमा उनको नजर पुग्यो। अनि असहावको मृत्यु भइसकेको उनले बल्ल थाहा पाए। त्यसपछि मुन्नाले असहावका कतारमा रहेका बुबा अमरुद्धिन मिया ठकुराईलाई घटनाबारे जानकारी गराए। उनी त्यहाँबाट तुरुन्त नेपाल फर्कने प्रक्रियामा जुटे।



असहावका बुबा २६ गते बिहीबार काठमाडौंमा ओर्लिए। अनि उनी भाइ मुन्नासँगै त्रिवि शिक्षण अस्पताल पुगे। त्रिविबाट उनले छोराको शव शुक्रबार पर्सा पुऱ्याए। शुक्रबारै उनको आफ्नै परम्परा अनुसार अन्त्येष्टि गरिएको छ। असहावले दुई महिनाअघि मात्रै विवाह गरेका थिए। उनकी श्रीमती भारतको आधापूर बेल्डाबाकी हुन्। उनी अहिले २० वर्षकी मात्रै छन्।

असहावका बुबा असरुद्धिनकाअनुसार असहाव काठमाडौंकै एक कलेजमा होटल म्यानेजमेन्ट अध्ययन गर्थे। उनी त्यसरी प्रदर्शनमा सामेल होलान् भनेर परिवारका कसैले पनि आकलन गरेका थिएनन्। असहावको साथबाट मोटरसाइकलको लाइसेन्स, बिलबुक र चाबीसँगै उनले जोहो गरेका कतारी रियाल पनि भेटिएको छ। असहावको शव पहिचान गरेको उनका काका मुन्नाले आफ्नो घरको सदस्य गुमाए पनि अब देशमा भ्रष्टाचार अन्त्य हुनुपर्ने बताए।

बाह्रखरीसित उनले भने, "नेपालमा वर्गीकृत व्यवहार छ। गरिब, निमुखाले कुनै पनि सरकारी कार्यालयबाट छिटो सेवा लिने अवस्था छैन त्यसको अन्त्य हुनुपर्छ। अझै पनि सरकारबाट थप भ्रष्टाचार नहोस्। गरिब, दु:खी, निमुखाका लागि सरकारी कामकाज सहज बनोस्।" उनले थपे, "धनीको मात्र कुरा सुन्ने चलन छ। धनी गरिब भनेर सरकारी कामका लागि विभेद नहोस्।" असहावको परिवार अन्तिम संस्कार सकेर 'डेथ सर्टिफिकेट' बनाउन अस्पताल आइपुगेको थियो। असहावका बुबाले गम्भीर हुँदै भने, "मेरो छोरो त मरिहाल्यो। मेरो भन्नु केही छैन। मेरो घरमा आशाको दियो उही थियो। कतारमा महिनाको साढे दुई लाख तलब पाउने गरी काम पनि फिक्स भइसकेको थियो। दुई महिनामा असहाव कतार उड्नेवाला थियो।"

सँम्भार: १२ खरी

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ। - विश्रामपुर गाउँपालिका, बारा

**शुभ आरम्भ राष्ट्रिय दैनिकका लागी**

| | |
|---|---|
| प्रकाशक | : अनिल पाण्डेय |
| प्रधान सम्पादक | : दिपेन्द्र कुमार उपाध्याय |
| सम्पादक | : श्याम विहारी साह केशरी |
| कार्यकारी सम्पादक | : उमेश दुवे |
| समाचार सम्पादक | : आ.के. ठाकुर |
| कानुनी सल्लाहकार | : प्रभातचन्द्र दाहाल |
| कम्प्युटर अपरेटर | : कृष्णा गुप्ता |
| सम्पर्क नम्बर | : ९८४५२२६३०५ |
| सम्पर्क कार्यालय | : कलैया-१४, बघवन (बारा) |
| मुद्रक | : बारा प्रिन्टिङ्ग प्रेस, कलैया (बारा) |

shubharambhdaily@gmail.com


## सम्पादकीय...........

# प्रधानमन्त्रीको प्रतिबद्धता पूरा होस्

अकल्पनीय संकट आइपरेकै बेला मुलुकले इतिहासमै पहिलोपटक महिला प्रधानमन्त्री पाएको छ । पहिलो प्रधानन्यायाधीशको समेत इतिहास बनाएकी सुशीला कार्की अवकाशपछि भ्रष्टाचार र बेथितिबिरूद्ध 'जेनजी' शैलीमै टीकाटिप्पणी गरिरहन्थिन् । त्यही भाषा र हकी स्वभावलाई विश्वास गरेरै हुनुपर्छ, मुलुक झन्डै शून्यतामा पुगेका बेला आन्दोलनकारी शक्तिको सिफारिसमा उनी अन्तरिम सरकारको प्रधानमन्त्री बनिन् । आइतबार सिंहदरबारमा पदभार ग्रहण गर्दै प्रधानमन्त्री कार्कीले केही गम्भीर सवालसँगै अन्तरिम सरकारको प्रतिबद्धता जनाएकी छन् ।

२३ भदौमा आन्दोलनकारीमाथि बर्बर दमन भएपछि २४ भदौमा हिंसा भड्काएर राष्ट्रिय सम्पत्ति तोडफोड गरिएको घटनालाई प्रधानमन्त्री कार्कीले षडयन्त्रका रुपमा अर्थ्याएकी छन् । योजनाबद्ध षडयन्त्रजस्तो देखिएकाले ती घटनाबारे अनुसन्धान हुने र दोषीमाथि कारबाही हुने उनको प्रतिबद्धता छ । सिंहदरबार, संसद् भवन, राष्ट्रपति भवन, सर्बोच्च अदालतजस्ता राष्ट्रिय सम्पत्तिमाथि गरिएको योजनाबद्ध आगजनी र तोडफोडबारे पछिल्लो समय सामाजिक सञ्जालमा तस्बिर र भिडियो छताछुल्ल छन् । त्यसमा आन्दोलनरत जेनजी समूहभन्दा रास्वपा, राप्रपा, दुर्गा प्रसाई समूह र माओवादी केन्द्रका कतिपय कार्यकर्ताको संलग्नता प्रस्टै देखिन्छ । सत्ताबाट बाहिरिएका दल र नेताहरुले भनेझैं अन्तरिम सरकारका प्रधानमन्त्रीले समेत घटनामा योजनाबद्ध षडयन्त्र देख्नुले राजनीतिक लाभ हानिसँगै राष्ट्रिय/अन्तर्राष्ट्रिय चलखेलको आशंकासमेत उब्जाएको छ । लोकतान्त्रिक व्यवस्थामा सरकारको पक्ष वा विपक्षमा उभिने, राजनीतिक विचार तथा अभिव्यक्तिको स्वतन्त्रता स्वाभाविक हो । जेनजी समूहहरुले शान्तिपूर्ण रुपमा सुरु गरेको आन्दोलनलाई वैकल्पिक राजनीतिक शक्तिहरुले मात्र होइन, नेपाली कांग्रेस, नेकपा एमाले, माओवादी केन्द्रजस्ता ठुलो जनमत बोकेका पुराना दलले समेत सकारात्मक रुपमा लिएकै थिए । तर आन्दोलन भड्काएर लाभ लिने अदृश्य शक्तिले चलखेल गर्‍यो । फलस्वरुप निषेधित क्षेत्र तोडेर स्कुल-कलेजका विद्यार्थीलाई संसद् भवन तोडफोड गर्न लगियो । त्यो नै दुर्भाग्य बनिदियो । राज्यले गरेको अनियन्त्रित र बर्बर दमनबाट ठुलो मानवीय क्षति बेहोर्नुपर्‍यो । २४ भदौको आगजनी, लुटपाट र हिंसा त्यसैको परिणाम हो ।

प्रधानमन्त्री कार्कीले निजी क्षेत्रको प्रशंसासमेत गरेकी छन् । खासगरी राज्यसँगको असन्तुष्टि पोखिने क्रममा केही ठुला व्यावसायिक प्रतिष्ठानमा योजनाबद्ध लुटपाट र आगजनी भएको देखिन्छ । तर व्यवसायीहरुले गरिरहेको फेरि उठ्ने संकल्पको प्रशंसा गर्दै प्रधानमन्त्रीले सरकारले निजी क्षेत्रलाई यथासक्य सहयोग गर्ने प्रतिबद्धतासमेत जनाएकी छन् । विगतका यस्ता आन्दोलन वा क्षतिमा दण्डहीनताको स्थिति रह्यो । तर यसपटक प्रधानमन्त्री स्वयंले २३ भदौको दमन र २४ भदौको विध्वंशको छानबिन गरी दोषीमाथि कारबाही गर्ने प्रतिबद्धतासँगै निजी क्षेत्रलाई फेरि उठ्न सरकारको साथ रहने प्रतिबद्धता जनाएकी छन् । प्रधानमन्त्रीले गरेका यी दुई प्रतिबद्धताकै कसीमा अन्तरिम सरकारको सफलता/असफलता मापन हुनेछ ।

# जेनजी उमेर समूह कि सोच ?



डा. जनार्दन विष्ट

सरकारले सामाजिक सञ्जालमाथि लगाएको रोक र मुलुकमा व्याप्त भ्रष्टाचारको विरुद्धमा जेनजी युवाहरूको पहल, सक्रियता र सहभागितामा शुरु भएको एउटा गैरराजनीतिक प्रदर्शनले २४ घण्टा नबित्दै बृहत् आन्दोलनको रूप लियो । आन्दोलन शुरु भएको पाँच दिनभित्रै अन्तरिम सरकार गठन र संसद् विघटन जस्तो राजनीतिक कोर्ष पूरा भएको छ ।

यति छोटो समयमै भएको यो स्तरको परिवर्तन नेपालको लागि मात्र होइन विश्वमै विरलै हुने घटनाका रूपमा दर्ज भएको छ । यद्यपि हाम्रै छिमेकी राष्ट्रहरू श्रीलंका र बंगलादेशमा पनि तीव्र जनआक्रोशले गैरराजनीतिक प्रदर्शनहरू सत्ता परिवर्तनसम्म नपुगेका भने होइनन् ।

प्रदर्शन मत्थर पार्न प्रदर्शनकारी युवाहरूले राखेका दुई महत्वपूर्ण मागमध्ये सरकारले सामाजिक सञ्जाल पुनः सञ्चालन गर्नुपर्ने माग त पूरा गरेको थियो तर, अर्को मागका रूपमा रहेको दशकौंदेखि जरा गाडेर बसेको भ्रष्टाचार अन्त्य फगत प्रतिबद्धताले मात्र सम्बोधन गर्न सक्ने कुरा भएन । हो, त्यही मागले युवाहरूको प्रदर्शनलाई यो गम्भीर राजनीतिक कोर्ससम्म डोर्‍याएको देखिन्छ । तत्कालको पृष्ठभूमिमा यो देखिए पनि आम जनतामा राजनीतिक दल, तिनका नेतृत्व र कार्यशैलीप्रति देखिएको चरम असन्तुष्टिले समग्र व्यवस्था र वर्तमान राजनैतिक प्रणाली नै संक्रमित भई त्यसमा जनताको विश्वास अड्न नसकेपछि परिस्थिति यो मोडमा पुगेको कुरा पनि विदितै छ ।

अब अन्तरिम सरकारले पूरै व्यवस्था र प्रणाली बदल्ने कुरा त भएन तर वर्तमान संविधानकै जगमा टेकेर जनताको नयाँ स्थायी म्यान्डेट प्राप्त गरी त्यो अनुरूप जाने वातावरण भने तय गर्नेछ, त्यसका लागि फागुन २१ गते आम निर्वाचन गराउने म्यान्डेट सहित पूर्व प्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा अन्तरिम सरकार गठन भएको छ । अन्तरिम सरकारका विस्तृत कार्ययोजना एवं कार्यतालिका सार्वजनिक हुन बाँकी नै छ ।

राजनीतिशास्त्रका पण्डितहरूले यसलाई अलग्गै राजनीतिक दर्शनका रूपमा अगाडि बढाउन जेनजी पुस्ताको सोचलाई खोतल्नुपर्ने देखिन्छ ।

त्यो आउला नै, अहिले त्यतापट्टि नजाऔं । यहाँ चर्चा गर्न खोजिएको कुरा चाहिं के हो भने जब युवाहरूको प्रदर्शनले आन्दोलनको स्वरूप ग्रहण गरी मुलुकमा एकखालको राजनीतिक परिवर्तन ल्याइसकेको अवस्थामा जेनजी सोच र दृष्टिकोण के होला, आगामी अन्तरिम अवधिको व्यवस्थापन कसरी होला, परम्परावादी कार्यशैली कसरी परिवर्तित सन्दर्भ अनुसार अघि बढ्ला र यो आन्दोलन मार्फत युवाहरूले परिकल्पना गरेको नयाँ नेपालको सपना कसरी साकार हुनसक्ला भन्ने नै हो ।

यो परिघटनालाई राजनीतिशास्त्रका सिद्धान्तहरूको कसीमा विश्लेषण गर्ने हो भने हरेक राजनीतिक परिवर्तन लगत्तै एक खालको प्रकट वा अप्रकट द्वन्द्व वा विरोधाभास शुरु भइहाल्छ । जसलाई राजनीतिक दलहरूले प्रयोग गर्ने गरेका शब्दहरूमा भन्ने हो भने यथास्थितिवादी वा प्रतिक्रियावादी सोच र अग्रगामी वा परिवर्तित सोच बीचको द्वन्द्व ।

तसर्थ, जेनजी युवाहरूको आन्दोलनलाई यही कसीमा जाँच्ने हो भने यहाँ पनि यही सिद्धान्त लागू हुन्छ । वर्तमान संविधान र संसद्कै फ्रेमवर्कबाट समाधान खोजिनुपर्छ भन्नेहरू र संविधान एव संसद् विघटन गरेर नयाँ ढंगले जानुपर्छ भन्नेहरू बीचको द्वन्द्व, यद्यपि मुलुक संविधान विहीनताको अवस्थामा जान नसक्ने भएकोले मुलुकको संविधान भने अहिले बहाल रहेकै अवस्था विद्यमान छ । त्यसैले, यही परस्पर विरोधी विचार नै आगामी अन्तरिम सरकार र जेनजी युवाहरूका लागि प्रमुख चुनौतीको रूपमा देखा परेको छ ।

आन्दोलनका क्रममा भएको जनधनको क्षति, त्यसको जवाफदेही, नेपाली सेना लगायतका सुरक्षा निकाय र राज्यका अन्य निकायहरूको भूमिका लगायत कतिपय विषयहरूमा विस्तारै समीक्षा हुँदै जाला । तर अहिले यो संक्रमणकालको व्यवस्थापन र यसबाट भविष्यमा प्राप्त हुने समाधानको दिगोपनाको सुनिश्चितता महत्वपूर्ण सवालको रूपमा खडा भएको देखिन्छ । यो किन पनि बढी चुनौतीपूर्ण देखिन्छ भने, यो स्तर र शैलीको परिवर्तन न कुनै बनिबनाउ राजनीतिक सिद्धान्त वा विचारमा आधारित छ न कुनै चामत्कारिक नेतृत्वमा । तसर्थ, राजनीतिशास्त्रका पण्डितहरूले यसलाई अलग्गै राजनीतिक दर्शनका रूपमा अगाडि बढाउन जेनजी पुस्ताको सोचलाई खोतल्नुपर्ने देखिन्छ ।

राजनीतिक लगायत कुनै पनि सिद्धान्तहरूको निर्माण मुख्यतः दुई किसिमबाट हुनसक्छः पहिलो कुनै महान् दार्शनिकबाट सृजित वा प्रतिपादित विचारलाई व्यवहारमा परीक्षण गरेपश्चात् र दोस्रो पहिले नै प्राप्त नतिजा वा व्यवहारलाई पछि सैद्धान्तीकृत गरेर । अब नेपालको यो घटनालाई दोस्रो कोटिमा राखेर विश्लेषण गर्नुपर्ने हुन्छ, जो राजनीतिशास्त्रका अध्येताहरूले ढिलो-चाँडो गर्ने नै छन् । यो लेखको चासो भनेको यसलाई सैद्धान्तिकृत गर्ने आधारहरू के-के हुन सक्लान् भन्ने बहस प्रारम्भ गर्नु मात्र हो ।

शाब्दिक रूपमा जेनजीले उमेर समूह अनुसार विभाजन गरिएका विभिन्न पुस्ताहरूमध्ये सन् १९९७ देखि २०१२ सम्म जन्मेकाहरू अर्थात् १३ देखि २८ वर्ष उमेर समूहका युवाहरू र उनीहरूको अभियानलाई जनाउने भए पनि राज्य सञ्चालन, नीतिनिर्माण लगायत सबै तह र तप्कामा उनीहरूको मात्र प्रतिनिधित्व सुनिश्चित हुनुपर्छ भन्ने पनि होइन र त्यो सम्भव पनि छैन ।

अभियानका अग्रणी जेनजी युवाहरूको सिफारिस र राष्ट्रपति, नेपाली सेना एवं प्रमुख राजनीतिक दलहरूको समेत समर्थनमा उमेरले ७० कट्नुभएकी पूर्व प्रधानन्यायाधीश सुशीला कार्की अन्तरिम सरकार प्रमुखमा नियुक्त हुनुभएपछि केही कोणहरूबाट उहाँ जेनजी समूहमा नपर्ने भनी प्रतिक्रिया आएको पनि देखिन्छ । तर यो समग्र अभियानको भावना वा जोड जेनजी समूहको भौतिक प्रतिनिधित्व मात्र भन्दा पनि जेनजी सोचको अवलम्बन र प्रवर्द्धनमा रहेको कुरा उहाँको नियुक्तिबाट देखिन्छ ।

शुरुदेखि नै मुलुकमा व्याप्त भ्रष्टाचार र बेथितिमा जेनजी सोचको पक्षधरता लिंदै आउनुभएकी कार्कीले उनीहरूको प्रदर्शनमा त खुलेरै साथ दिनुभयो ।

जेनजी पुस्ताका रूपमा मुलुक निर्माण गर्ने उत्कट इच्छा बोकेर उदाउँदै गरेका अहिलेका केही प्रतिनिधि पात्रहरूको सार्वजनिक अभिव्यक्तिहरूलाई ध्यान दिने हो भने उनीहरूको जोड फगत राजनीतिक सिद्धान्त र जडता भन्दा नागरिकको जीवन उकास्ने व्यावहारिक समाधानमा केन्द्रित देखिन्छ ।

तसर्थ जेनजी सोच भएका जुनसुकै उमेर समूह, अभियान, क्षेत्र र राजनीतिक दलका मानिसहरू समेत अहिलेको परिवर्तित अभियानमा समाहित हुनसक्ने र त्यसो भए मात्र समग्रतामा अपेक्षित परिणाम हासिल हुने देखिन्छ । त्यसको लागि प्रविधिप्रेमी, व्यावहारिक, मूल्यमान्यतामा अडिग र सामाजिक चेत भएको, सृजनात्मक, सहयोगी भावना, विश्व जनसमुदायसँग जोडिन रुचाउने जस्ता विशेषता रहेका भनिएको यो पुस्तासँग काम गर्न अरू पक्षले त्यही शैली अपनाउने हो भने आगामी दिनमा यो संक्रमणले सहज निकास पाउन सक्ने देखिन्छ । हुनत प्रदर्शनका क्रममा भएका उद्दण्डता र सार्वजनिक सम्पत्तिको विध्वंसलाई लिएर जेनजी पुस्ता र उनीहरूले गरेको प्रदर्शनको आलोचना शुरु नभएको पनि होइन (भलै उनीहरूले त्यो आफूहरूको उद्देश्य नरहेको बताउँदै आएका छन्), तर पनि बदलिंदो परिस्थिति अनुसार सबै पक्ष आपसी सहकार्यमा जानु नै सबैका लागि हितकर देखिन्छ ।

उनीहरूले अबको कोर्स भ्रष्टाचारलाई जरैदेखि फाल्ने र सुशासनयुक्त राष्ट्र निर्माण गर्ने बताइरहँदा त्यसको सुनिश्चितताका लागि संविधानमा गर्नुपर्ने संशोधन वा पुनर्लेखनलाई विधिसम्मत ढंगले अघि बढाउनका लागि पनि जनताको नयाँ जनादेश सहितको संसद् त कुनुपर्ने नै हुन्छ र त्यहाँ उनीहरूको सोच र भिजनसँग तादात्म्यता राख्ने दल वा उम्मेदवारहरू आउन जरूरी हुन आउँछ ।

यसर्थ आगामी निर्वाचनमा भाग लिने नयाँ पुराना दलहरू भित्र जेनजी पुस्ताको सोच र दृष्टिकोणको प्रवर्द्धन गर्ने प्रयास पनि उनीहरूको मुख्य प्राथमिकतामा पर्नुपर्ने हुन्छ । त्यसो भए जेनजी पुस्ताको यो अभियानको सोच वा दृष्टिकोण के होला त ?

जेनजी पुस्ताका रूपमा मुलुक निर्माण गर्ने उत्कट इच्छा बोकेर उदाउँदै गरेका अहिलेका केही प्रतिनिधि पात्रहरूको सार्वजनिक अभिव्यक्तिहरूलाई ध्यान दिने हो भने उनीहरूको जोड फगत राजनीतिक सिद्धान्त र जडता भन्दा नागरिकको जीवन उकास्ने व्यावहारिक समाधानमा केन्द्रित देखिन्छ ।

यस्ता सोचका केही उदाहरणमा कुनै वेला समावेशी समाज वा राज्य निर्माणका लागि निकै अग्रगामी मानिएको कुनै जाति, वर्ग वा क्षेत्रलाई दिइने विशेष सुविधा वा आरक्षणको नीतिलाई जेनजी सोचले पुरातनवादी सोचका रूपमा लिई क्षमता वा मेरिटोक्रेसीको वकालत गरेको देखिन्छ । अघिल्ला राजनीतिक आन्दोलनका इतिहास र त्यसमा पुरातनवादी दल तथा नेताहरूले पुर्‍याएको भनिएको योगदानमा उनीहरूको खासै रुचि देखिंदैन ।

यो पुस्ता राष्ट्रवादी भावबाट अलि बढी नै ओतप्रोत पनि देखिन्छ ।

उनीहरूले अहिलेको अवस्थामा राजनीतिक दल एवं राज्य सञ्चालनका निकायहरूमा युवाहरूको प्रवेशलाई जोड दिएको देखिन्छ । राज्य संयन्त्र जनताको करमा निर्भर रहेकोले उनीहरू पूर्णतः जनसेवामा केन्द्रित र जनताप्रति जवाफदेही हुनुपर्छ भन्ने मान्यता राखेको देखिन्छ ।

राजनीतिक दल र राज्य सञ्चालनका विभिन्न तहमा रहनेहरूको शैक्षिक स्तर निर्धारण हुनुपर्ने, राज्य सञ्चालनको पुरातनवादी कार्य प्रणाली चुस्तदुरुस्त र प्रविधिमैत्री हुनुपर्ने एवं कार्य प्रणाली प्रक्रिया उन्मुख भन्दा नतिजामूलक हुनुपर्छ भन्ने उनीहरूको भावना देखिन्छ ।

यो पुस्ता राष्ट्रवादी भावबाट अलि बढी नै ओतप्रोत पनि देखिन्छ । मुलुक निर्माण र विकासका क्रममा प्राकृतिक वातावरण कायम राख्नुपर्ने सोच राख्ने यो पुस्ताले नागरिक र समग्र मुलुकको समृद्धिका लागि कस्तो मोडल चाहन्छ ? मुलुकको राष्ट्रिय एकता, अखण्डता, विदेश नीति, शिक्षा, स्वास्थ्य, दैनिक जनजीवन, सामाजिक-सांस्कृतिक क्षेत्रमा कस्तो धारणा राख्छ ? र के सुधारको अपेक्षा गरेको छ, ती कुराहरू अझै आउन बाँकी नै छन् ।

यो पुस्ताको अभियानलाई सतहमा हेर्दा आफू समेतको सहभागिता र संलग्नतामा मुलुकलाई उठाउने देखिन्छ भलै उनीहरूसँग कुनै वाद, विचार, वाक्पटुता वा कुनै जडवत् सिद्धान्तहरू नहोउन् । नेपालको पछिल्लो जनगणनाको तथ्याङ्क हेर्ने हो भने कुल जनसंख्याको १९.७ प्रतिशत अर्थात् ५७ लाख जनसंख्या १५ देखि २४ वर्ष उमेर समूहमा पर्दछ जसले मूलतः जेनजी समूहकै प्रतिनिधित्व गरेको पाइन्छ । यसको अर्थ जेनजीको अभियान यो समूहको हितमा मात्र केन्द्रित हुने भन्ने पनि होइन, बरु समग्र जनसंख्याको हितका लागि नेतृत्व लिनु हो । तसर्थ, सबै पुस्ताको समग्र हितका लागि जेनजी समूहको यो अन्तरिम सरकारले कस्तो मार्गचित्र कोर्ला, त्यो हेर्न अब धेरै दिन कुर्नुपर्ने छैन ।




## अन्तराष्ट्रिय समाचार

# सुडानको इआरआर आपतकालीन नेटवर्कलाई नर्वेको राफ्टो मानव अधिकार पुरस्कार



एजेन्सी- युद्ध र अनिकालको चपेटामा परेका सुडानीहरूलाई सहयोग पुऱ्याउँदै आफ्नो जीवन जोखिममा राख्ने 'इमर्जेन्सी रेस्पोन्स रुम्स' (इआरआर) स्वयंसेवकहरूको नेटवर्कलाई बुधबार नर्वेको प्रतिष्ठित 'राफ्टो मानव अधिकार पुरस्कार' प्रदान गरिएको छ।

सन् २०२३ अप्रिलदेखि नियमित सेना र अर्धसैनिक द्रुत समर्थन बल (आरएसएपफ) बीचको भीषण युद्धले सुडानलाई ध्वस्त पार्दै आएको छ। संयुक्त राष्ट्रसङ्घको तथ्यांकअनुसार द्वन्द्वमा दशौं हजारको मृत्यु भइसकेको छ र एक करोड ४० लाखभन्दा बढी मानिस विस्थापित भएका छन्। अनिकाल र हैजाले देशलाई थप संकटग्रस्त बनाएको छ।

राफ्टो फाउन्डेसनले इआरआरलाई 'सबैभन्दा मौलिक मानव अधिकार-जीवनको अधिकारको संरक्षणका लागि गरेको साहसी कार्य' को सम्मानस्वरूप पुरस्कार दिएको हो।

युद्ध सुरु भएलगत्तै, राज्य र पूर्वाधारविहीन देशमा समुदायका नागरिकहरूले स्वयंसेवकका रूपमा 'सामुदायिक भान्सा' (कम्युनिटी किचेन) स्थापना गरेर छिमेकीलाई खाना, स्वास्थ्य सेवा र निकासी सहयोग उपलब्ध गराएका थिए।

सन् २०१९ मा तानाशाह ओमार अल-बशीरको पतनताका प्रजातन्त्र समर्थक आन्दोलनमा सक्रिय प्रतिरोध समितिहरूबाट विकसित इआरआर अहिले हजारौं स्वयंसेवकहरूको अभियान बनेको छ।

'इआरआरहरूले जीवन बचाउँछन्, निराशामाथि मानव गरिमा कायम राख्छन् र अभिनव पारस्परिक सहायता मार्फत नागरिक समाजलाई बलियो बनाउँछन्', राफ्टो फाउन्डेसनले भनेको छ। सञ्चार अवरोध र पत्रकारहरूको न्यून उपस्थिति बीच स्वयंसेवकहरूले आक्रमणहरूको दस्तावेजीकरण गर्ने महत्त्वपूर्ण भूमिका खेलेका छन्। तर उनीहरू बारम्बार हिंसा, बलात्कार, कुटपिट र लुटपाटको शिकार बनेका छन्। द्वन्द्व सुरु भएदेखि एक सयभन्दा बढी स्वयंसेवक मारिएको फाउन्डेसनले जनाएको छ।

यससँगै, दुवै पक्षलाई युद्धविराम गर्न, नागरिक जीवनको सुरक्षा गर्न र अन्तर्राष्ट्रिय मानवीय कानूनको सम्मान गर्न आग्रह गरिएको छ।

सन् १९८७ देखि दिइँदै आएको यो पुरस्कार नर्वेली मानव अधिकार कार्यकर्ता थोरोल्फ राफ्टोको नाममा स्थापना गरिएको हो। यसमा २० हजार डलरको राशिसहित सम्मान गरिन्छ। यसअघि यो पुरस्कार पाएका आङ सान सुकी, जोस रामोस-होर्टा, किम दाए-जङ र शिरिन एबादीले पछि नोबेल शान्ति पुरस्कार समेत जितेका थिए। यस वर्षको पुरस्कार विजेताको औपचारिक घोषणा अक्टोबर १० मा ओस्लोमा हुनेछ।





विज्ञापनको लागि हामीलाई सम्झिनुहोस्।
सम्पर्क नम्बर : ९८४५२२६३०५










विपदबाट बचौं र बचाऔं, विपद् आकस्मिक रूपमा आउने हुँदा :

- विपदबाट बच्न आवश्यक पूर्वतयारी गरौं, समुदाय तथा छरछिमेकमा आवश्यक समन्वय गरौं,
- प्रहरी, दमकल, एम्बुलेन्स लगायत अत्यावश्यक निकायको सम्पर्क नम्बर राखौं, विपद् आईहालेमा नआत्तिऔं,
- बालबालिका, वृद्धवृद्धालगायत बढी जोखिममा रहेका वर्गको उचित ख्यार राखौं,
- विपत्तिमा परेकालाई उद्धार पुनर्स्थापनामा सहयोग गरौं,
- विपद् सम्बन्धी सचेतना फैलाऔं,
- विपदबाट हुने जनधनको क्षति न्यूनिकरण गरौं।

बिन्दाबासिनी गाउँपालिका
बहुअर्वाभाट्टा, पर्सा

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ। - देवताल गाउँपालिका, बारा

# परवानीपुर सबस्टेशनमा आगलागी

बारा , ०१ असोज

परवानीपुर सबस्टेशनमा आगलागी हुदाँ बिधुत आपूर्ति पूर्ण रूपमा अवरुद्ध भएको छ ।

सबस्टेशनका इन्चार्ज सब-इन्जिनियर अमित चौधरीका अनुसार ११ केभीएको प्यानलमा आगलागी भएको हो । आगलागीको यकिन कारण खुल्न नसके पनि सर्ट सर्किटका कारण भएको हुन सक्ने उनले आशङ्का व्यक्त गरेका छन् । आगो नियन्त्रणका लागि वीरगंजबाट गएको वरुण यन्त्र, स्थानीय प्रहरी र सर्वसाधारणको सहयोगमा आगो नियन्त्रणमा लिइएको छ ।




आगलागीका कारण सिमरा, कृषि, गण्डक, डाबर, नारायणी, हिमाल, परवानीपुर, जगदम्बा, वीरगंज, नितनपुर, चोर्नी र भलुही , कलैया फिडरबाट वितरित विद्युत् आपूर्ति बन्द भएको छ । चौधरीले स्टेशन मर्मत नभएसम्म विद्युत् पुनःसुचारु हुने सम्भावना न्यून रहेको बताएका छन् । मर्मत कार्य तीव्र गतिमा भइरहेको भए पनि विद्युत् कहिलेसम्म सुचारु हुन्छ भन्ने यकिन समय बताउन कठिन रहेको उनले जानकारी दिए ।

आगलागीका क्रममा दुई जना कर्मचारी सामान्य घाइते भएका छन् । विद्युत् अवरुद्ध हुँदा वीरगंज र कलैया सहित आसपासका अँधकार भएको छ । कलैया बितरण केन्द्रले जारी गरेको सुचना अनुसार परवानिपुर स्वस्टेशनमा आग लगी भई बिधुतीय उपकरणहरू पूर्ण रुपमा छतीग्रत भएको र अहिले मर्मत कार्य भई रहेकोले कलैया स्वस्टेशन बाट बितरण हुने लाइन बन्द रहेको जानकारी दिएकोमा राति ९:३० बजे बिधुत सप्लाई भएपनि छिन छिन आउने जाने गरेकोले समस्या बढेको स्थानीयहरुले बताएका छन् ।

# डुमरियामा ५ सय विद्यार्थीलाई शैक्षिक सामग्री वितरण

रूपेश यादव
रौतहट ,०१ असोज

रौतहट जिल्लाको कटहरिया नगरपालिका-९ डुमरियामा अवस्थित श्री माध्यमिक विद्यालयमा अध्यनरत विद्यार्थीहरुलाई मंगलबार विभिन्न शैक्षिक सामग्री वितरण गरिएको छ। कटहरिया नगरपालिकाको सहयोगमा विद्यालयमा आयोजित कार्यक्रममा नगर प्रमुख अजय प्रकाश जैसवाल प्रमुख अतिथि रहनु भएको थियो । भने विद्यालयका प्रधानाध्यापक नवल किशोर ठाकुरको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको हो।



कार्यक्रममा नगर प्रमुख जैसवालले विषम परिस्थिति बीच पनि विद्यार्थीको पढाइ-लेखाइमा कुनै अवरोध नआओस् भन्ने उद्देश्यले पोशाक, टाई, बेल्ट, जुत्ता, मोजा, आईडी कार्ड र ब्याग सहितका सामग्री उपलब्ध गराइएको जानकारी दिनुभयो । उहाँले विद्यार्थीहरुलाई अनुशासनका साथ अध्ययनमा ध्यान दिन र आफ्नो भविष्य उज्जवल बनाउन मेहनत गर्न आग्रह गर्नुभयो।

त्यस्तै नगर प्रमुख जैसवालले विद्यालयका शिक्षकहरुलाई समेत विद्यार्थीको पठन-पाठनमा कुनै कठिनाइ आउँदा तुरुन्त समाधान गर्न आग्रह गर्दै शिक्षामा सुधार नगरपालिकाको प्रमुख प्राथमिकता रहेको उल्लेख गर्नुभयो।

विद्यालयका प्रधानाध्यापक ठाकुरले २०८१/८२ आर्थिक वर्षको विनियोजित बजेटबाट २२ लाखको लागतमा शैक्षिक सामग्री खरिद गरिएको जानकारी दिनुभयो। उहाँका अनुसार विद्यालयमा हाल ६ सय विद्यार्थी अध्ययनरत छन् भने तीमध्ये ५ सय विद्यार्थीलाई सामग्री वितरण गरिएको हो । उहाँले विद्यालयको अवस्था विगतमा निकै दयनीय रहे पनि अहिले विद्यालय परिवारको अथक प्रयास र नगरपालिकाको सहयोगले विद्यालय सुधारोन्मुख अवस्थामा पुगेको बताउनुभयो।

शैक्षिक सामग्री वितरण कार्यक्रममा कटहरिया नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत गणेश नेपाली,लेखा प्रमुख कामेश्वर सहनी शिक्षा संयोजक सुरेन्द्र ठाकुर, स्थानीय सञ्चारकर्मी, शिक्षक-शिक्षिका तथा अभिभावकहरुको उल्लेखनीय उपस्थिति रहेको थियो। कार्यक्रममा सहभागी शिक्षकहरुले विद्यार्थीहरुलाई पठनपाठनमा सक्रिय रहन र विद्यालयसँग प्रत्यक्ष सम्पर्कमा रहन आग्रह गरेका थिए।

# दुई महिनामा सरकारको बजेट खर्च ९ प्रतिशत

*काठमाडौं, ०१ असोज*

चालु आर्थिक वर्ष २०८२/८३ को भदौ मसान्तसम्ममा सरकारको बजेट खर्च नौ दशमलव १७ प्रतिशत देखिएको छ । महालेखा नियन्त्रक कार्यालयका अनुसार चालु आवको सुरुआती दुई महिनामा चालुतर्फ नौ दशमलव ६७, पुँजीगततर्फ एक दशमलव ५६ र वित्तीय व्यवस्थातर्फ १५ दशमलव ८९ प्रतिशत बजेट खर्च भएको हो। यसवर्ष कूल १९ खर्ब ६४ अर्ब ११ करोडको बजेट ल्याइएकोमा भदौ मसान्तसम्ममा रु एक खर्ब ८० अर्ब १७ करोड चार लाख खर्च भएको छ । चालुतर्फ रु ११ खर्ब ८० अर्ब ९८ करोड विनियोजन भएकोमा हालसम्म रु एक खर्ब १४ अर्ब १८ करोड ७२ लाख बराबर खर्च भएको छ। त्यस्तै, पुँजीगत शीर्षकमा रु चार खर्ब सात अर्ब ८८ करोड ८० लाख विनियोजन भएकोमा रु छ अर्ब ३५ करोड ३३ लाख खर्च भएको छ । वित्तीय व्यवस्था शीर्षकमा रु तीन खर्ब ७५ अर्ब २४ करोड २० लाख बराबरको वार्षिक विनियोजन रहेकोमा भदौ मसान्तसम्ममा रु ५९ अर्ब ६२ करोड ९९ लाख खर्च भएको छ।




यही अवधिमा सरकारले वार्षिक लक्ष्यको १० दशमलव ४३ प्रतिशत राजस्व सङ्कलन गरेको छ। चालु आवका लागि कूल रु १५ खर्ब ३३ अर्ब ४४ करोड ६९ लाख राजस्व उठाउने सरकारी लक्ष्य रहेकोमा हालसम्म रु एक खर्ब ५९ अर्ब ९८ करोड ५३ लाख असुली भएको हो।

कर राजस्वतर्फ रु १३ खर्ब २५ अर्ब ५८ करोड ३९ लाख उठाउने वार्षिक लक्ष्य रहेकोमा ११ दशमलव ३५ प्रतिशतअर्थात् रु एक खर्ब ५० अर्ब ४० करोड १३ लाख कर असुली भएको छ । त्यस्तै, गैरकरतर्फ रु एक खर्ब ५४ अर्ब ४१ करोड ६१ लाख असुली गर्ने वार्षिक लक्ष्य रहेकोमा चार दशमलव ६२ प्रतिशतअर्थात् रु सात अर्ब १३ करोड २१ लाख उठेको छ।

# जनमत पार्टीभित्र चर्कियो विवादः अध्यक्ष सीके राउतलाई नेतृत्व छाड्न २४ घण्टे अल्टिमेटम

काठमाडौं, ०१ असोज

जनमत पार्टीभित्र आन्तरिक कलह चर्किएको छ, जहाँ पार्टीका पदाधिकारी र नेताहरूले अध्यक्ष सीके राउतलाई नेतृत्वबाट पछि हट्न २४ घण्टे अल्टिमेटम दिएका छन् ।

पार्टीका वरिष्ठ उपाध्यक्ष अब्दुल खान, केन्द्रीय प्रवक्ता शरदसिंह यादव, जनमत युवा संघका संयोजक सञ्जयकुमार यादवलगायतका ६ जना नेताले सामूहिक हस्ताक्षरसहित एक पत्र जारी गर्दै यस्तो माग गरेका हुन् । उनीहरूले नेतृत्वले मार्ग प्रशस्त गरेमा पार्टीलाई थप सशक्त, लोकतान्त्रिक, जवाफदेही र जनउत्तरदायी संस्था बनाउन एकजुट भएर लाग्ने उल्लेख गरेका छन्। यसै क्रममा, पार्टीको संगठन विभाग प्रमुख रहेका सीके राउतका आफ्नै दाइ जयकान्त राउतलाई पनि पद छाड्न भनिएको छ । नेताहरूले जेन जी ले सञ्चालन गरेको आन्दोलनले नेपालको राजनीतिमा नयाँ मोड ल्याएको र यसले सत्तारूढ गठबन्धन सरकार, प्रधानमन्त्री र प्रमुख प्रतिपक्षी दलका नेताहरूको कार्यशैलीमाथि गम्भीर प्रश्न उठाएको बताएका छन्।



पत्रमा भनिएको छ, 'देशको राजनीतिक, सामाजिक तथा प्रशासनिक प्रणालीमा व्यापक शुद्धीकरणको आवश्यकता महसुस भइरहेका बेला जनमत पार्टीले पनि आत्मसमीक्षा गरी परिवर्तनको मार्ग अपनाउनु अत्यावश्यक छ।'

यद्यपि जनताको भरोसा र समर्थनले पार्टीलाई राष्ट्रिय पार्टीको मान्यता दिए पनि हालको शीर्ष नेतृत्वको कमजोर कार्यशैली, निर्णय प्रक्रियामा अपारदर्शिता र जनभावनासँग विमुख गतिविधि देखिएको उनीहरूको आरोप छ ।

# भारतीय कुखुरा प्रकरण : सेढवा प्रनानि अर्जुनकुमार साहसहित ६ प्रहरी जिल्लामा तानिए

*बीरगंज, १ असोज*

पर्साको सेढवास्थित इलाका प्रहरी कार्यालयका बरिष्ठ प्रहरी नायब निरीक्षक (प्रनानि) अर्जुनकुमार साहसहित ६ जनाको टोलीलाई जिल्ला प्रहरी कार्यालय पर्सा तानिएको छ । भारतीय कुखुरा बरामद प्रकरणमा उठेका विवादपछि उनीहरूलाई तानिएको पर्सा प्रहरीले जनाएको छ।

गत आइतबार (भदौ २९ गते) सेढवामा कार्यरत प्रहरी टोलीले जिराभवानी गाउँपालिका-१ महादेवपट्टि नजिकबाट दुई वटा मोटरसाइकलमा ल्याइँदै गरेको करिब २०० किलो बराबरको ६० पिस भारतीय कुखुरा बरामद गरेको थियो। सोही क्रममा टिभिएस द्यच ०५ ब्ह ७३२७ र नम्बर नभएको पल्सर मोटरसाइकलसमेत नियन्त्रणमा लिएको जनाइएको थियो।



बरामद गरिएको कुखुरा स्थानीय जनप्रतिनिधि, पर्सा कुखुरा व्यवसायी संघका पदाधिकारी तथा सञ्चारकर्मीको रोहबरमा नष्ट गरिएको भए पनि नियन्त्रणमा लिएका दुवै मोटरसाइकल व्यापारीलाई नै फिर्ता गरिएको आरोप सार्वजनिक भएपछि प्रहरी टोली विवादमा तानिएको हो।

पर्सा कुखुरा व्यवसायी संघका सचिव गम्भिरा गुप्ताले इलाका प्रहरी प्रमुख प्रनानि साहले सुरुवातमा मोटरसाइकल भन्सार कार्यालय वीरगञ्ज पठाउने प्रक्रिया अगाडि बढाएको र त्यसअनुसार मुचुल्का समेत तयार गरेको दाबी गरेका छन् । तर, पछि १५ हजार रुपैयाँको लेनदेनमार्फत दुवै मोटरसाइकल व्यापारीलाई नै बुझाइएको भन्दै गम्भीर आपत्ति जनाएका छन्। यसबारेमा प्रतिक्रिया दिँदै प्रनानि अर्जुनकुमार साहले आफूले "माथिबाट प्राप्त आदेश"अनुसार मात्र काम गरेको दाबी गरेका छन्। तर, आदेश कोबाट आएको थियो भन्नेबारे उनले खुलासा गर्न मानेनन्। जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी उपरीक्षक (एसपी) गौतम मिश्राले भने घटनाबारे आफूलाई जानकारी नभएको जनाउँदै, सार्वजनिक भएको आरोपका विषयमा तत्कालै छानबिन सुरु गरिने बताएका छन्। "यदि कुनै पनि प्रहरी सदस्यले गैरकानुनी कार्य गरेको पाइएमा कडाभन्दा कडा कारबाही हुन्छ," उनले भने। यस प्रकरणपछि इलाका प्रहरी कार्यालय सेढवामा साहको स्थानमा अब बरिष्ठ प्रहरी नायब निरीक्षक मोहन यादवको नेतृत्वमा नयाँ ६ जनाको प्रहरी टोली खटाइएको छ। सँम्भारः रेस खबर

समाजिक सञ्जालको दुरूपयोग नगरौं ।

# परोहा नापामा सेवा सुचारु, जेनजी आन्दोलनबाट २१ लाखभन्दा बढीको क्षति

*मेवालाल यादव*
*रौतहट, ०१ असोज*

जेनजी आन्दोलनका कारण एक सातादेखि अवरुद्ध रहेको परोहा नगरपालिकाको नियमित सेवा सोमबारदेखि पुनः सुचारू गरिएको छ। नगरपालिकाका नगरप्रमुख शेख वकिलले नगरपालिका कार्यालय तथा सबै वडा कार्यालयलाई नियमित सेवा सञ्चालन गर्न निर्देशन दिएका हुन्।



गत भदौ २४ गतेदेखि अवरुद्ध सेवा भदौ ३१ गतेदेखि पुनः सञ्चालनमा ल्याउने निर्णय भएको हो । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र जिल्ला प्रशासन कार्यालय रौतहटको आग्रहमा नगरपालिकाले सेवा सञ्चालनमा ल्याएको हो।

नगरप्रमुख शेख वकिलका अनुसार, जेनजी आन्दोलनका क्रममा प्रदर्शनकारीहरुले परोहा नगरपालिकाको कार्यालयमा तोडफोड र आगजनी गरेका थिए । घटनामा एलइडी टिभी, स्मार्ट टिभी, जेनरेटर, कुर्सी, सम्पूर्ण झ्यालका सिसा, फ्लेक्स बोर्ड, फोहोर राख्ने डस्टबिन, पुराना टायर लगायतका सामग्री जलेर नष्ट भएको थियो । नगर प्रमुखले करिब २१ लाख ६५ हजार रुपैयाँ बराबरको क्षति भएको जानकारी दिएका छन्।

नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत मो. महफुल अहमदले नागरिकलाई आवश्यक सेवा दिन कर्मचारीहरू जुटिरहेको बताए ।

सुरक्षा निकायहरूको समन्वयमा पुनः सेवा सञ्चालन भएपछि स्थानीयवासीहरूले राहतको महसुस गरेका छन्।

जनहितमा जारी सन्देश

- घरेलु हिंसा, बलात्कार, कुटपिट, बोक्सी आरोपमा गाउँ निकाला, दाइजो प्रथा, बहुविवाह, बालविवाह, जबरजस्ती करणी र अन्य मानसिक तथा शारिरिक यातना, अपहेलना र धम्क्याउनेदेखि जिस्क्याउने कार्य सामाजिक तथा कानूनी अपराध हुन्।
- कोही कसैबाट त्यस्ता कार्य भए तत्काल स्थानीय जनप्रतिनिधी, न्यायिक समिति तथा प्रहरीमा खबर गरौं ।
- लैङ्गिक हिंसा विरुद्धको अभियान सफल पारौं ।

ठोरी गाउँपालिका
ध्याङडाँडा, पर्सा

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - सुवर्ण गाउँपालिका, बारा